म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २१९ विहीबार ९ चैत २०७९ ने. सं. ११४३ चिल्लागा 23 March 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

☞ विज्ञापन उत्पादन, वितरण, प्रकाशन तथा प्रसारण आचार संहिता, २०७९ को पालना गरौं ।

☞ विज्ञापन व्यवसायलाई स्वच्छ र पारदर्शी बनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## कांग्रेसको बाटो हेर्दाहेर्दै मुख्यमन्त्रीको 'हातमा लाग्यो शुन्य'

### १० चैतमा सारियो प्रदेशसभा बैठक, एमाले बैठकमा आउन नभ्याउने

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/बागमती प्रदेशमा पूर्वनिर्धारीत मितिअनुसार बुधवार मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत लिन सकेनन् ।

सत्ता गठबन्धनको प्रमुख दल नेपाली कांग्रेसका सांसद विश्वासको मत दिन हेटौंडा नआएपछि अन्तत: मुख्यमन्त्री जम्कट्टेल प्रदेशसभा बैठक सार्न बाध्य भए । ८ चैत बुधवार विश्वासको मत लिन जम्कट्टेलको पत्रपछि प्रदेशसभा सचिवालयले ३ बजेलाई प्रदेशसभा बैठक बोलाएको थियो । तर, जम्कट्टेलको विश्वासको मत लिने योजना जब तुहियो जतिबेला नेपाली कांग्रेसका सांसद काठमाडौंबाट हेटौंडा नै आएनन् । जम्कट्टेलले बिहानदेखि दिउसोसम्म पत्रकारहरुको प्रश्नमा जवाफ दिँदै कांग्रेसका सांसदहरु हेटौंडा आएर विश्वासको मत दिनेमा ढुक्क देखिन्थे । 'कांग्रेसका साथीहरुसँगको कुरामा १२, १ बजे हिँड्ने कुरा छ । उहाँहरुले आजै विश्वासको मत दिनुहुन्छ', उनले पत्रकारहरुलाई भनिरहेका थिए ।

तर, कांग्रेसका सांसदहरुको बाटो हेर्दाहेर्दै मुख्यमन्त्री जम्कट्टेलको 'हातमा लाग्यो शुन्य' भएको छ । सत्ता गठबन्धनको प्रमुख दलसँग कुनै छलफल नै नगरी विश्वासको मत लिने मिति एकतर्फी रुपमा तय गरेको भन्दै कांग्रेस रुष्ट बनेको थियो । कांग्रेसले मुख्यमन्त्रीसँग कुनै सहमति हुन नसकेको अवस्थामा विश्वासको मत दिन नसक्ने स्पष्ट बताइरहँदा पनि जम्कट्टेलले वेवास्ता गरेको जनाइएको छ । अन्तत: मुख्यमन्त्री जम्कट्टेलको प्रदेश भागबण्डा लाग्नु अगावै विश्वासको मत लिएर सरकार टिकाउने योजनामा कांग्रेसले ब्रेक लगाएको छ । वर्तमान सत्ता गठबन्धनको शिर्ष तहमा देशका ७ प्रदेशको नेतृत्व भागबण्डा लाग्नु अगाडि नै विश्वासको मत लिने जम्कट्टेलको रणनीतिले कांग्रेस निरन्तर तर्किएर हिँडिरहेको बुझिन्थ्यो ।



कांग्रेसले भने जम्कट्टेल मुख्यमन्त्री हुँदाको परिस्थिति र वर्तमान सत्ता समिकरणको अवस्था फरक रहेको भन्दै सरकार गठनमा नयाँ सिराबाट अघि बढ्नुपर्ने धारणा राखेको छ । यसको अर्थ, कांग्रेसले मुख्यमन्त्रीमा दाबी प्रस्तुत गरिरहेको प्रष्ट बुझ्न सकिन्छ । कांग्रेसले मुख्यमन्त्रीमा दाबी गरिरहँदा जम्कट्टेल भने भागबण्डा लाग्नु अगावै विश्वासको मत लिएर सरकार टिकाइराख्ने रणनीतिमा लागेका हुन् । जसको परिणाम बुधवार उनले विश्वासको मत पाउन नसकेको चर्चा चलेको छ । उनले विश्वासको मत लिने मिति १० चैतलाई सारेका छन् । गठबन्धनका दलहरुसँगको सहमतिमा दुई दिनपछि विश्वासको मत दिने मिति तय गरेको मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार डीपी ढकालले जानकारी दिएका छन् ।

कांग्रेसले प्रदेशका गठबन्धन दलसँग सरकारका सम्बन्धमा सहमति नभएसम्म विश्वासको मत नदिने अडान लिएको थियो । कांग्रेसलाई नेकपा (एकीकृत समाजवादी) ले पनि साथ दिएको छ । बुधवार सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारी गरेको एमाले पनि तत्काल निर्णय नगर्ने भन्दै सर्त अगाडि सारेको छ । कांग्रेस, नेकपा एस र एमालेको पछिल्लो गतिविधिले मुख्यमन्त्री जम्मकट्टेल थप चेपुवामा परेका छन् । विश्वासको मत लिने पहिलो प्रयासमा असफल भएपछि तनावमा परेका जम्मकट्टेललाई सरकारमै रहेको नेकपा एमालेले पनि सर्त अगाडि सारेको हो । प्रमुख सर्तका रुपमा एमालेले सरकार बाट बाहिरिनु अघि प्रदेशसभामा सम्बोधन गर्ने निर्णय गरेको छ ।

एमालेले भने १२ चैतमा प्रदेशसभा बैठक राखेर विश्वासको मत लिन प्रस्ताव गर्ने निर्णय गरेको छ । हेटौंडामा बसेको एमाले संसदीय दलको बैठकले १२ चैतमा प्रदेशसभा बैठक राख्न लिखित अनुरोध गर्ने निर्णय गरेको प्रमुख सचेतक मधूसुदन पौडेलले बताए । एमालेले सरकारबाट बाहिरिनु अघि प्रदेशसभामा सम्बोधन गर्ने निर्णय गरेको उनले बताए । जसका लागि १० गते बैठकमा सहभागी हुन नसक्ने एमालेको भनाई छ । जम्मकट्टेलले १० गते नै विश्वासको मत लिने तयारी गरेका बेला एमालेले पार्टीको मिसन ग्रासरुट अभियानको मुख्य कार्यक्रम रहेकोले १० र ११ गते प्रदेश सभामा उपस्थित हुन नसक्ने भन्दै १२ गतेलाई बैठक बोलाउन निर्णय गरेको हो ।

संवैधानिक व्यवस्था अनुसार जम्कट्टेलले १३ चैतभित्र विश्वासको मत लिइसक्नु पर्नेछ । कांग्रेसले भने गठबन्धनमा प्रदेशको भागवण्डा गराएर मुख्यमन्त्री लिने दाउमा छ । जम्मकट्टेल पनि भागवण्डा लाग्नु अगावै विश्वासको मत लिएर सरकारमै टिकिराख्ने रणनीतिमा छन् । जम्मकट्टेलको यो चाल बुझेपछि कांग्रेस निरन्तर तर्किएर हिँडिरहेको हो । उनलाई विश्वासको मत पाउन र सरकार गठनका लागि कांग्रेसको साथ अपरिहार्य छ । नयाँ सत्ता समीकरणमा कांग्रेस, माओवादी र एकीकृत समाजवादी एक भएसँगै सरकार गठनमा बहुमत पुग्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीसँग ७, नेमकिपासँग ३ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसद् चाहिन्छ ।

कांग्रेसले अब बन्ने प्रदेश सरकार नयाँ सिराबाट अगाडि बढ्ने कांग्रेस मुख्य सचेतक कुन्दनराज काफ्ले बताउँछन् । बागमती प्रदेशमा कांग्रेस ३७ सिटसहित सबैभन्दा ठूलो दल रहेकोले मुख्यमन्त्रीमा स्वभाविक दाबी रहेको संसदीय दलको नेता बहादुरसिंह लामाले बताए । 'हामी सबैभन्दा ठूलो दल हो । निर्वाचनपछि बन्ने सरकारमा पनि हाम्रो मुख्यमन्त्री दावी स्वभाविक थियो । अब पनि दाबी हाम्रै हुन्छ', लामाले भने । उनले गठबन्धनको निर्णयअनुसार कांग्रेस अगाडि बढ्ने बताए । लामाको भनाईमा गठबन्धनको प्रदेश भागबण्डाको टुंगो नलाग्दासम्म विश्वासको मत दिन नसक्ने आशय व्यक्त भएको बुझिन्छ । तर, विश्वासको मत दिएपनि कांग्रेससँग जम्कट्टेलले लिखित सहमति गर्नुपर्ने उनको अडान छ ।

बागमतीमा कांग्रेसको मत बिना जम्कट्टेललाई विश्वासको मत पाउन मुस्किल छ । उनलाई सरकार गठनका बेला समर्थन गरेका नेकपा एमाले र राप्रपाले सहयोग गर्ने अवस्था करिब शुन्य छ । यद्यपि, नेपाली कांग्रेस प्रदेश कार्यसम्पादन समितिको मंगलबार काठमाडौंमा बसेको बैठक र बुधवार मध्यान्ह १२ बजे काठमाडौंमै बसेको संसदीय दलको बैठकले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिने निर्णय भने गरिसकेको छ । यसअघि २५ पुसमा नेकपा एमाले, माओवादी र राप्रपाको गठबन्धनबाट जम्कट्टेल मुख्यमन्त्रीमा नियुक्त भएका थिए । सरकार गठन हुँदाको राप्रपाले भने सरकारलाई दिएको समर्थन १३ फागुनमै फिर्ता लिइसकेको छ । एमाले अझै सरकारमा छ ।

## राक्सिराङमा घुम्ती शिविर निरन्तर



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/'सेवा लिने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नाराका साथ राक्सिराङ गाउँपालिकाले घुम्ती शिविरलाई निरन्तरा दिएको छ ।

राक्सिराङ गाउँपालिकाले सेवाको निरन्तरताको क्रममा प्रत्येक वडाबासीलाई घरमै पुगेर स्वास्थ्य उपचारदेखि तरकारीको बीउबिजसम्म वितरण गरिरहेको हो । राक्सिराङ-९ स्थित डन्टारमा शिविरको आयोजना गर्दै गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा उपलब्ध गराइएको थियो ।

सबै किसिमका सेवाको पहुँच वृद्धि गर्दै सरल र सहज सेवा दिने उद्देश्यका साथ गाउँपालिकाले गाउँटोलमै पुगी सेवा सञ्चालन गरि रहेको छ । गाउँपालिकाले एकीकृत शिविरमार्फत् घरघरमै पुगी बिरामी जाँचदेखि योजना अनुगमन र स्थलगत रुपमै भुक्तानीसम्मका सेवा प्रदान गरि रहेको छ । एमबीबीएस डाक्टर सहितको स्वास्थ्यसेवा र नि:शुल्क औषधि वितरण गरिएको थियो ।

स्थानीयलाई तरकारीका बीउ वितरणका साथै पशुरोगविरुद्धको औषधिसमेत नि:शुल्क उपलब्ध गराइएको छ । बिजुली बत्ति नपुगेको ठाउँमा गाउँपालिकाले सोलार प्यानल वितरण गर्दै आइरहेको छ । गाउँपालिका अध्यक्ष राजमकुमार मल्ल, उपाध्यक्ष बनस्तम थिङ, प्रमुख प्रशासकीय अधिकृत देबचन्द्र गार्तौलासहित कर्मचारीको टोलीले गाउँघरमै पुगि घुम्ती शिविरमार्फत् सेवा प्रदान गरेपछि स्थानीय खुशी बनेका छन् ।

ज्येष्ठ नागरिक तथा अशक्त तथा हिँड्न नसक्ने बिरामीको घरघरमै पुगि स्वास्थ्य जाँच र नि:शुल्क औषधिकोसमेत व्यवस्था गरिएको गाउँपालिकाका अध्यक्ष मल्लले बताए । 'आमाबुबा बचाउ कार्यक्रम' सञ्चालन गरी विगतका वर्षहरुदेखि नै असक्त, अपाङ्ता भएका र ज्येष्ठ नागरिकलाई गाउँटोलमै स्वास्थ्य सेवा प्रदान गरिरहेको गाउँपालिकाले अन्य विविध सेवाहरु पनि गाउँ टोलसम्मै विस्तार गर्दै लगिएको गाउँपालिकाका अध्यक्ष मल्लले बताए ।

खरको छानोमुक्त अभियान सञ्चालन गरेको गाउँपालिकाले खर को छाना भएका परिवारलाई घरमै पुगी जस्तापातासमेत वितरण गरेको थियो । शिविरमा ३ सय ५७ जनाको नि:शुल्क स्वास्थ्य जाँच गरी औषधि वितरण गरिएकोमा ९ जना बिरामीलाई घरमै पुगी उपचार गरिएको थियो । २८ जना गर्भवतीको भिडियो एक्सरेमार्फत गर्भ जाँच गरिएकोमा ६० जना सुत्केरी तथा गर्भवतीलाई पोषण पीठो वितरण गरिएको थियो । क्षयरोग परीक्षणको लागि १० जनाको खकार नमूना संकलनसमेत गरिएको राक्सिराङ अस्पतालका सिनियर अहेब यमप्रसाद गौतमले जानकारी दिए ।

एकीकृत शिविरमै व्यवसाय दर्ता, अपाङ्गता तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरण, गरिब घरपरिवार परिचयपत्र वितरणसमेत गरिएको थियो । ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई सम्मान गर्ने उद्देश्यले जनप्रतिनिधि र कर्मचारीहरु घरघरमै पुगी पोषिलो आहार तथा उपयोगी सामग्रीसमेत हस्तान्तरण गरेका थिए ।

पशुसेवातर्फ गाई भैंसी, बाख्रा, कुखुराका औषधिहरु र कृषितर्फ ७ थरीका तरकारीका बीउहरु नि:शुल्क वितरण गरिएको कृषि शाखाका प्राविधिक सहायक कृष्ण डुम्रेले बताए । यसअघि ४ नम्बर वडामा एकीकृत शिविर सञ्चालन गरिसकेको गाउँपालिकाले चैत १४ गते ६, ७ र ८ नम्बर वडाका लागि राक्सिराङ ७ स्थित जुरेथुममा कार्यक्रम राखेको छ भने वडा नम्बर १ र २ का लागि राक्सिराङ १ मा एकीकृत शिविरको कार्यक्रम तय गरिएको छ ।

## थाहा नगरपालिकालाई दुई वर्ष प्रतिबन्ध माग

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ हेटौंडामा जारी दोस्रो अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगिता अन्तर्गत् मंगलबार म्याच रेफ्रिमाथि दुर्व्यहार गर्ने थाहा नगरपालिकालाई दुई वर्ष प्रतिबन्ध लगाउन माग गरिएको छ ।

मकवानपुर रेफ्रि संघले बुधवार बैठक बसेर प्रतियोगितामा थाहा नगरपालिकालाई दुई वर्ष प्रतिबन्ध लगाउन र रंगशालामा भएको क्षति भराउन आयोजक समक्ष माग गरेको हो । हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा बागमती गाउँपालिकासँग हार व्यहोरेपछि थाहा नगरपालिकाको खेलाडी र व्यवस्थापन पक्षले म्याच रेफ्रि अकिललाल श्रेष्ठलाई दुर्व्यहार गर्दै हातपात प्रयास गरेका थिए ।

बागमती गाउँपालिकाले थाहा नगरपालिकालाई ३-२ गोल अन्तरले पराजित गर्दै सेमिफाइन यात्रा तय गरेको थियो । थाहा नगर पालिकाको खेलाडी र व्यवस्थापन टिमले भने खेल सकिएपछि एन्फा रेफ्रि श्रेष्ठलाई हातपात प्रयास गरेको जनाइएको छ ।

मंगलबार रंगशालाको माहोल अशान्त बनेको थियो । श्रेष्ठको निर्णयमाथि असन्तुष्टि जनाउँदै थाहा नगरपालिकाको खेलाडीहरुले प्लेयर बक्सका भएका कुर्सी भाच्नेदेखि रेफ्रि श्रेष्ठमाति हातपात प्रयास भएको हो । दुर्व्यवहारको क्रममा उनीहरुले कम्युनिकेशन हेडसेटसमेत फुटाएको रेफ्रि श्रेष्ठले जानकारी दिए ।

'हातपात प्रयास हुँदा कुर्सीदेखि हामीहरुले प्रयोग गर्ने कम्युनिकेशन हेडसेटसमेत फुटाइएको थियो,' उनले भने । खेल खेलाउँदा रेफ्रिमाथि हातपात प्रयास भएको भन्दै १३ जना एन्फा रेफ्रि आवद्ध रेफ्रि संघले बुधवार प्रतियोगिताको आयोजक जिल्ला समन्वय समिति र व्यवस्थापन हेर्ने जिल्ला खेलकुद विकास समितिलाई पत्र लेखेका हो ।

पत्रमा थाहा नगर पालिकालाई प्रतियोगिताबाट दुई वर्ष प्रतिबन्ध लगाउन र फुटाइएको हेडसेटको क्षतिपूर्ति भराउन प्रस्ताव गरिएको हो । दुर्व्यहार गर्ने खेलाडीहरुलाई कारबाही गर्न संघले जिल्ला फुटबल संघ हुँदै अखिल नेपाल फुटबल संघ (एन्फा)मा पत्राचार गर्ने भएको छ । खेलाडीमाथि कारबाही गर्ने अधिकार आयोजक समितिसँग हुँदैन् ।

'खेलाडीको कारबाहीको लागि हामी जिल्ला हुँदै एन्फासम्म पत्राचार गर्छौं । अनुशासन नभएका खेलाडीका कारण जिल्लाको फुटबल विकास नहुने र उदयीमान खेलाडीहरुको हौसलासमेत गिर्ने हुन्छ', श्रेष्ठले भने । दुर्व्यवहार गर्ने थाहा नगरपालिकाको टिमलाई कारबाही नभए आगामी प्रतियोगितामा खेल नखेलाउने उनीहरुले बताएका छन् ।

खेलमा बागमती गाउँपालिकालाई दिएको पेनाल्टीको विषयमा थाहा खेलाडीहरुले विवाद झिकेका थिए । विवादलाई उग्र रुप दिँदै थाहाका खेलाडीहरु रेफ्रि श्रेष्ठमाति हातपात गर्न पुगेका थिए ।

रेफ्रि श्रेष्ठले थाहा नगर पालिकाले उत्तरी क्षेत्रमा प्रतियोगिता गर्दा काठमाडौंबाटै रेफ्रिहरु ल्याएर खेल खेलाउने गरेकाले जिल्लाका रेफ्रिलाई जस्तोसुकै व्यवहार गरेपनि हुन्छ भने मानसिक्ता बनाएको बताए ।

## थाहामा चैत तेस्रो सातादेखि जिल्लास्तरीय भलिबल

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगर पालिकामा सहिद सुनिता स्मृति जिल्लास्तरीय भलिबल प्रतियोगिता हुने भएको छ ।

सहिद सुनिता स्मृति प्रतिष्ठानले चैत तेस्रो हप्तादेखि थाहाको १ नम्बर वडास्थित कुन्छालमा दोश्रो सुनिता स्मृति जिल्लास्तरीय भलिबल प्रतियोगिता गर्न लागिएको हो ।

प्रतियोगिता १५ गतेबाट सुरु भएर १७ गते समापन हुने आयोजक प्रतिष्ठानले जनाएको छ । प्रतियोगितामा सहभागी जानाउन चैत १४ गते दिउँसो १२ बजेसम्म टिम दर्ता गरिसक्नु पर्नेछ । थाहा नगरपालिका-१, स्थित सुनौलाडाँडामा हुने प्रतियोगितामा सहभागी हुन टिम दर्ता शुल्क ३ हजार तोकिएको छ ।

प्रतियोगितामा विजेता हुने टिमले नगद ५१ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । दोश्रो हुने टिमले नगद २६ हजार सहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । थाहा नगरपालिका भलिबल खेलका लागि प्रख्यात छ ।

जिल्लामा थाहाको भलिबल बलियो प्रतिस्पर्धीका रुपमा रहँदै आएको छ । उत्तरी क्षेत्रमा वर्षेनी आधा दर्जन भलिबल प्रतियोगिता आयोजना हुने गरेका छन् ।

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोठा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कर्मकाण्डी सहकारी दिवस

बागमती प्रदेशमा ६६ औं राष्ट्रिय सहकारी दिवस-२०७९ मनाउन एक हजार एक सदस्यीय प्रदेशस्तरीय मूल समारोह समिति गठन गरिएको छ । दिवस मनाउने समितिमा प्रदेशका बिद्वत बर्गको सहभागिता रहेको छ । तर, सहकारी दिवस केवल कर्मकाण्डी रुपमा मनाउने तयारी भएको देखिन्छ । दिग्गज बर्गका बिद्वान ब्यक्तिहरु बसेर सहकारी दिवस मनाउन समिति गठन गरिएको छ । प्रभातफेरी, रक्तदान, प्रबचन, साँझ दीपावली गरेर मनाउनु भनेको कर्मकाण्डी बिधि बाहेक केही होइन । यसवर्ष 'सहकारीको दिगोपना, स्वनियमन र सुशासन' भन्ने नाराका साथ ६६ औं राष्ट्रिय सहकारी दिवस मनाउन लागिएको हो । नेपालको पहिलो सहकारी चितवनको बखान ऋण सहकारी स्थापना भएको दिन हरेक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाइँदै आएको छ । नेपालमा सबैभन्दा शक्तिशाली र ग्रामीण तहसम्म नेटवर्क भएको भनेको सहकारी क्षेत्र नै हो । तर, सहकारी संस्थाले जे गर्नु जरुरी थियो त्यो गर्न सकेको छैन ।

सहकारी संस्थामा आवद्ध भएका सदस्यमध्येबाट केही सदस्यलाई उत्पादनमूखी ब्यवसायमा आबद्ध गराउने अभियानसहित सहकारी दिवस मनाउन किन सकिंदैन ? स्थानीय कच्चापदार्थको प्रयोगबाट उत्पादन गर्ने र सो उत्पादन सहकारी संस्थाले बजारीकरण गर्ने अभियान सहित सहकारी दिवस मनाउन के कुराले रोकेको छ ? भन्ने बेलामा तीनखम्बे अर्थनीति भन्ने तर, ब्यवहारमा भने सहकारीले घरजग्गामा लगानी गर्ने अभ्यासले सहकारीप्रतिको धारणा नै परिबर्तन भएको छ । प्रत्येक सहकारीले आफ्ना केही उत्साही सदस्यलाई भारतीय मुलुकका औद्योगिक ग्राममा अवलोकन भ्रमण गराउने र त्यहाँको प्रबिधि हाम्रो गाउँघरमा भित्राउने अभियान गर्न जरुरी छ । हाम्रो अर्थतन्त्र पूरै आयातमूखी भएको अवस्थालाई केही हदसम्म समाधान गर्न सक्ने भनेको सहकारी क्षेत्रले हो । उत्पादनमूलक ऋण लगानी गर्दा ब्याजमा अनुदान दिने र उत्पादित बस्तुले सहजै बजार पाउने वातावरण सृजना गर्न सहकारी संस्थाको भूमिका हुनुपर्दछ । तर, हामीकहाँ भएका सहकारी संस्थाले गरेको ८० प्रतिशत लगानी भनेको घर बनाउने र जग्गा किन्ने शीर्षकमा मात्र छ । हिन्दु परम्परामा जन्मदेखि मृत्युपर्यन्त चाहिने दुनाटपरी पनि भारतीय बजारबाट आयात गर्नु परिरहेको अवस्था छ । दाँत कोट्याउने सिन्का कोरिया र जापानबाट आयात भइरहेको छ । यो केवल उदाहरण मात्र हो । यस्ता सानातिना उपभोग्य बस्तु सहकारीमार्फत् हामी हाम्रै समाजमा उत्पादन गर्न किन सकिरहेका छैनौं । हामी भारतीय र तेस्रो मुलुकको उपभोक्तामुखी मात्र हौं त ? हामी गुन्द्रुक र सिन्की पनि आयात गर्ने अवस्थामा पुगिसकेका छौं ।

३/४ दसक अगाडि हाम्रो सामाजिक संरचना कस्तो थियो ? अहिले कस्तो बन्दैछ ? अब पनि हामीले गंभीर भएर नसोच्ने ? एक दिन अस्पतालका बिरामीलाई फलफूल बितरण र साँझ दीपावली गरेरै दिवस मनाउनुको अर्थ के रहला ? परिबर्तनको नारा भाषण गर्नका लागि मात्र हो त ? यो बर्ष सहकारी दिवसमा एउटा नयाँ अभ्यासको थालनी किन नगर्ने ? सहकारी संस्थाले लाखौं परिवार समेटेको छ । गाउँगाउँसम्म नेटवर्क छ । नागरिक्ले दैनिक, साप्ताहिक, मासिक बचत गरिरहेका छन् । त्यो बचतलाई उत्पादनसँग किन नजोड्ने ? हामी जो जुन पदीय हैसियतमा छौं त्यहींबाट परिबर्तनको सुरुवात किन नगर्ने ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत १० गते शुक्रबार २४ मार्च २०२३ । तृतीया चैत कृष्णपक्ष । चिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:६, सूर्यास्त ६:१६। मत्स्यनारायण मेला ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्यमा कमजोरी हुनेछ | **तुला** | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| **वृष** | : उपचारमा खर्च हुनेछ | **वृश्चिक** | : व्यावसायिक यात्राको सम्भावना छ |
| **मिथुन** | : लेनदेनमा विवाद हुनेछ | **धनु** | : दाम्पत्य जीवन सुखद बन्नेछ |
| **कर्कट** | : धार्मिक कार्यले फाइदा हुनेछ | **मकर** | : आम्दानी राम्रो हुनेछ |
| **सिंह** | : मन खिन्न बनाउन सक्छ | **कुम्भ** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ |
| **कन्या** | : दिन उत्साहपूर्ण बन्नेछ | **मीन** | : प्रेमको बन्धन कसिन सक्नेछ |

# बचतमा ब्याज: सरकार र राष्ट्र बैंकले के सोच्नुपर्छ ?



नन्दीकेशर पौड्याल

बैंकमा विभिन्न किसिमका बचत बढ्नुको मुख्य कारण ब्याजदर अधिक हुनु हो । यसले पुँजीलाई निष्क्रिय बनाउन मद्दत पुर्याउँछ र उत्पादन घटाउनुको साथै बेरोजगारी पनि बढाउँछ । बचतबाट प्राप्त हुने ब्याज निष्क्रिय पुँजीको नकारात्मक सन्देश मात्र हो । यसबाट राज्यलाई पनि अपेक्षित प्रतिफल प्राप्त हुँदैन र भ्रष्टाचार मौलाउन समेत मदत पुर्याउँछ । सरकारी तथा गैरसरकारी निकायले समेत ब्याज आम्दानीको लोभमा लाग्ने हुँदा पुँजी समेत चलायमान हुँदैन । हालको देशको आर्थिक अवस्था समेत ब्याजकै कारणले जर्जर भएको छ ।

बैंक तथा वित्तीय संस्थाहरु सेवामुखी नभई बढी नाफामुखी भएका हुनाले राज्यले आृनो मातहतका सरकारी निकायले ब्याज आम्दानी गर्न नपाउने र स्वयं राष्ट्र बैंकले समेत कुनै किसिमको ब्याज वा अन्य आम्दानी लिन नपाउने र सर्वसाधारणलाई समेत बैंकमा राखेको बचतमा ब्याज नदिने व्यवस्था गर्ने हो भने पुँजी चलाएमान भई उत्पादन क्षेत्रमा लगानी बढ्न जाने र रोजगारी वृद्धि हुने अवस्था सिर्जना हुन्छ ।

गत वर्ष सन् २०२२ मा विश्व वित्तीय बजारलाई नियाल्ने हो भने वार्षिक बचतमा ब्याज उपलब्ध गराउने परम्परा निरुत्साहित भएको पाइएको छ । केही देशले ब्याजमा उपलब्ध गराउने ब्याजमा कटौती गर्दै लगेका छन् भने विगत वर्षमा ब्याज दिँदै आएका जापान, कोस्टारिका जस्ता मुलुकमा बचतमा ब्याज उपलब्ध गराउने चलन अन्त्य भएको छ ।

एक प्रतिशतभन्दा कम ब्याज उपलब्ध गराउने देशहरु धेरै रहेका छन् । यद्यपि औद्योगिक मुलुक एवं अर्थतन्त्र खराब भएका देशमा पनि अझै पनि बचतमा ब्याज दिने प्रचलन कायमै रहेको छ । बचतमा ब्याज उपलब्ध गराउँदा मानवस्रोत निस्क्रिय रहने भएकाले पनि ब्याज उपलब्ध गराउने प्रथालाई ती देशले निरुत्साहित गराउँदै लगेका छन् ।

युरोपका कुनै देशमा बचतमा ब्याज दिँदैनन् भन्ने कुनै देशले दिने गरेका छन् । उदाहरणका लागि क्रोस्टारिकामा बचतमा ब्याज दिने चलन छैन । बुल्गोरियामा शून्य दशमलव शून्य दुई प्रतिशत नगन्य मात्रामा ब्याज दिने गरेको छ । बेलायतमा बैंकमा रकम बचत गर्दा २ दशमलव ७५ देखि ३ दशमलव २५ प्रतिशतसम्म ब्याज दिने गरेको पाइएको छ । स्विट्जरल्याण्डमा पनि ब्याजको मात्र नगन्य छ । स्विडन र नर्वेमा पनि बचत गर्दा दुई प्रतिशतभन्दा तल ब्याज दिने गरेको छ ।

त्यसैगरी अमेरिकी महादेशमा पनि बचतमा ब्याज लिने गरेको भए पनि नगन्य मात्रामा हुने गरेको छ । ठूलो उद्योगिक मुलुकले बचतमा ब्याज दिने गरेको भए पनि सानो अर्थतन्त्र भएका देशले बचतमा ब्याजको मार्जिनलाई अन्यन्त न्यून बनाएका छन् । गुयना, निकारागुवा, पेरुमा नगन्यमात्रामा बचतमा ब्याज लिने गरेको छ । पानामा, गुयनाजस्ता सानो अर्थतन्त्र भएका देशमा बचतमा ब्याज एक प्रतिशतभन्दा पनि कम छ । तर, अर्थतन्त्र खराब भएका र औद्योगिक मुलुकमा भने बचममा ब्याज दिने गरेको पाइएको छ ।

त्यसैगरी एसियन मुलुकमा पनि बचतमा ब्याज नदिने मुलुक थुप्रै छन् । जस्तो ब्रुनाइ, चीन, मकाउमा, थाइल्याण्डजस्ता देशमा बचतमा एक प्रतिशतभन्दा कम ब्याज दिने गरेको छ । जापानमा त पैसा बचत गरेबापत ब्याज उपलब्ध हुँदैन । विगत तीन वर्षयता त्यस्तो व्यवस्था गरिएको हो । जापानमा पैसा राखेवापत शून्य दशलव १५ प्रतिशत माइनस हुने व्यवस्था छ । यद्यपि मंगोलिया, पाकिस्तानजस्ता मुलुकमा पनि बचतमा ब्याजदर झण्डै १० प्रतिशतसम्म दिने गरेको पाइएको छ ।

अफ्रिकन मुलुकलाई हेर्ने हो भने जिम्बाम्बे, सिरालियोनर इजिप्टमा बचतमा ब्याज बढी नै दिने गरेको छ भने अन्य देशमा पाँच प्रतिशतको हाराहारीमा बचतमा ब्याज दिने गरेको पाइएको छ । अल्जेरिया, मोरक्को जस्ता केही देशले दुई प्रतिशतभन्दा कम ब्याज दिने गरेको छ । अस्ट्रेलियामा १.४ प्रतिशतमात्र ब्याज दिने गरेको छ ।

जी २० मुलुकमा हेर्ने हो भने जापान बचतमा ब्याज उल्टो लिने मुलुक पर्छ भने स्वीट्जर ल्याण्ड, चीन, अस्ट्रेलियाले अत्यन्त न्यून ब्याज लिने गरेका छन् । बेलायत, दक्षिण कोरिया, साउदी अरेबीया, रसिया, क्यानाडा, अस्ट्रेलियाले पाँच प्रतिशतभन्दा कम बचतमा ब्याज लिने गरेका छन् । अर्जेन्टिना र टर्की र ब्राजिलले पाँच प्रतिशतभन्दा बढी ब्याज उपलब्ध गराउने गरेको छ । संयुक्त राज्य अमेरिकाको औसत बचतमा ब्याज पाँच प्रतिशतभन्दा कम छ भने भारतको बचतमा ब्याजको औसत दर ७ देखि ८ प्रतिशतको हाराहारीमा रहेको छ ।

बचतमा ब्याज नदिँदा वृद्ध, अपाङ्ग, अशक्त तथा अनाथ बालबालिकालाई जीवनयापनमा निकै कठिन हुनसक्छ । बैङ्कमा तरलता सन्तुलन कायम गराउन पनि बचत अनिवार्य छ । तर, ब्याजको लोभले गरेको बचत बैङ्क तथा बचत कसैका लागि पनि लाभप्रद हुँदैन ।

उदारवादी अर्थव्यवस्थामा ब्याजदर माग र पूर्तिको आधारमा बजारले निर्धारण गर्ने भन्दै यसलाई सरकारले हस्तक्षेप गर्न नहुने तर्क एकथरिले गरिरहेका छन् । उद्यमी, व्यवसायी संकटमा परिरहँदा बैंकहरुको भने कमाई, कारोबार बढिरहेको छ । बैंकर्सहरूले महँगो निक्षेप लिएर सस्तोमा कर्जा दिन नसक्ने बताउँदै आएका छन् । अहिले आधारदर नै उच्च भएकोले त्यसमा सञ्चालन खर्च जोडेर कर्जा प्रवाह गरिरहेको उनीहरूले बताएका छन् । उद्यमी व्यवसायीले भने एकल अंकमा ब्याजदर नझारेमा धेरै ठूलो समस्या आउने, उद्योग, व्यवसाय चौपट हुने बताइरहेका छन् ।

बैंकहरु नाफामा जाने तर उद्यमी, व्यवसायीहरु संकटमा पर्ने जुन अवस्था अहिले देशमा आएको छ, यसको अन्तर्राष्ट्रिय अध्ययनसहित समीक्षा गरेर सार्थक निश्कर्षमा पुग्नुपर्ने हुन्छ ।

**बढ्दो बेरोजगारी, उद्यम गर्न चर्को ब्याजमा ऋण लिनुपर्ने बाध्यता**

देशका मुख्य चुनौती मध्ये बेरोजगारी पछि 'कस्ट अफ क्यापिटल' अर्थात् व्यावहारिक भाषामा ऋणको ब्याजदर निकै महँगो हुनु पनि एक हो । रोजगारी छैन । विकल्प भनेको कुनै नयाँ बिजनेश सुरु गर्नु हो । एउटा स्टार्ट-अप आइडिया या बिजनेसलाई ठूला ऋणदाताले पत्याउँदैनन् । उसले व्यक्ति र अनेक वित्तीय संस्थाबाट १५-२० प्रतिशतसम्म चर्को ब्याजमा लगानी (ऋण) जुटाउन बाध्य हुन्छ । त्यति चर्को ब्याजका लागि पनि थप कमिशन दिनुपर्ने घटना सुनिन्छन् ।

शहर या लक्षित उपभोक्तालाई ध्यानमा राखेर बनाइएका सस्तो र सुलभ 'डेडिकेटेड इन्ड्स्ट्रियल एरिया' छैनन् । जग्गा छोइनसक्नु छ । कस्ट त्यसै बढ्यो । सडक होस् या हवाइ, जल होस् या भूमिगत, पूर्वाधार पनि गतिला छैनन् । रेल, मेट्रो, बस, ट्रह्याम जस्ता सार्वजनिक यातायातको सुविधा सर्वत्र छैन । व्यवसायलाई एउटा गाडी या मोटरसाइकल मात्रै चाहियो भने पनि २०० प्रतिशत जति कर तिर्नुपर्ने हुन्छ । ऊर्जाको सुलभता र विश्वसनीयता पनि छैन ।

दक्ष जनशक्ति बाहिर जाने स्पर्धामा छ । अल्पदक्ष या अदक्ष जनशक्तिलाई आवश्यक सीप, ज्ञान र अनुभव प्रदान गर्न समय र पैसा दुबै खर्च हुन्छ । अझ अलिकति दक्ष बन्नेबित्तिकै ऊ नेपालको सामान्य कम्पनीमा किन अड्कियोस् र' सम्बन्धित सरकारी निकायहरू बाधा पुरह्याउन, खोचे थाप्न या हलो अड्काउन नभई उल्टो सहयोग र सहजीकरणका लागि हुन् भन्ने त त्यहाँका कर्मचारीलाई पनि थाहा छैन । अब यी सबै कुरा जोड्दा एउटा नयाँ बिजनेशका लागि क्यापिटलको मूल्य थेग्नै नसक्ने स्तरको बन्दो रहेछ । अझ त्यसमाथि बजारको अध्ययन-अनुसन्धान र नवप्रवर्तनको संस्कार हामीसँग नभएकाले एउटा बिजनेश उभिएको देख्ने बित्तिकै उस्तै प्रकृतिका दर्जन बढी बिजनेश त्यहीं सुरू हुन्छन् ।

स्वदेशी उत्पादन बढाउने त भन्छौं । तर २० प्रतिशत चर्को ब्याजमा ऋण लिएपछि एउटा उत्पादन अन्य कुनै पनि लागत नजोड्दै २० प्रतिशत महँगो हुने भयो । त्यसमा २० प्रतिशत मात्रै मुनाफा जोड्ने हो भने त्यो उत्पादन ४० प्रतिशत महँगो हुन्छ । कच्चा पदार्थदेखि उत्पादन, जनशक्तिदेखि मार्केटिंगसम्मका मुख्य 'कस्ट' त जोडेकै छैन । स्थानीय निकायदेखि सँघीय सरकार सम्मले कदम कदममा टेबल मुनिदेखि टेबल माथिबाट लिने कर पनि जोड्नुहोस् ।

अब त्यो उत्पादनले विदेशी उत्पादनसँग कसरी प्रतिष्पर्धा गर्ने ? ठिक्कको नाफासहित सय रुपियाँ पर्ने वस्तुलाई स्वदेशी भएकैले आम नागरिकले किन २०० तिर्ने ? र कहिलेसम्म तिर्ने ? बजारमा १०० रुपियाँमा पाइनुपर्ने उत्पादन १५० मा बेच्दासमेत नाफा नहुने भएपछि व्यवसायीले के गरोस् ? प्रेम प्रसाद आचार्यहरूले के गरून् ? जुम्लाको स्याउ नबिकेकोमा हामीलाई खेद त लाग्छ, तर काश्मीरबाट ट्रेन, ट्रक, पानी जहाज र बस हुँदै १५-२० दिनमा काठमाडौं आउने स्याउभन्दा जुम्लाको स्याउ महँगो किन हुन्छ भन्नेतिर हाम्रो ध्यान पुग्दैन । तेल, चामल, गहुँ, दाल र दूध जस्ता दैनिक उपभोग्य र देशमैं प्रशस्त उत्पादन हुने वस्तु पनि युरोप अमेरिकाभन्दा महँगो मूल्यमा किन्न हामी बाध्य छौं, किन ? तैपनि किसानले उचित बजार र मूल्य नपाएर सडकमा पोखेको समाचार पनि हामीकहाँ नै सुनिन्छ ।

देशमा कसरी अनुसन्धान, आविष्कार, र नवप्रवर्तनलाई अगाडि बढाउन सकिन्छ, कसरी नयाँ स्टार्टअपहरूलाई उत्प्रेरित र भरथेग गर्न सकिन्छ भनेर संसदमा बहस हुँदैन । त्यहाँ भाषण हुन्छ । आृनो आत्मप्रसंशा र एकअर्का प्रति कटाक्ष हुन्छ । जबकि तिनको फूलटाइम काम नै भएका नीतिनियम र कानुनको गम्भीर अध्ययन र आवश्यक सुधारको पहल गर्नु हो । नभएका कानुनहरू यथाशक्य छिटो निर्माण गर्नु हो । ब्याजदरको मुख्य कारण अनियन्त्रित मूल्यवृद्धि हो । त्यसलाई नियन्त्रण गर्ने उपाय देशको मुद्दा बन्दैन । मान्छे चरम निराश र पीडित भएर आत्मदाह गर्ने हदसम्म पुग्दासमेत हामीलाई त्यो एउटा समाचार भन्दा बढी लाग्दैन । हाम्रा प्राथमिकता, हाम्रा मुद्दा र हाम्रो चासो अलग छ । हाम्रा लागि व्यक्ति मुद्दा हो । प्रचण्ड मुद्दा हो । ओली या देउवा मुद्दा हो । नभए रवि लामिछाने या बालेन मुद्दा हो । व्यक्तिको व्यक्तित्व मुद्दा हो । विषय मुद्दा होइन । देश मुद्दा होइन । आृनै परिवारको कष्टकर नागरिक जीवन पनि कुनै मुद्दा होइन ।

खासमा हामी नागरिक होइनौं । फगत् जिन्दाबाद र मुर्दावाद हौं ! कोही अलि पुराना जिन्दाबाद, कोही अलि नयाँ जिन्दावाद ! तात्त्विक रूपमा हामी एउटै हौं ।

(हिमालय पोष्टबाट)

# समानुपातिक चुनाव प्रणालीमा सुधारको आवश्यकता

रामनारायण देव

> तराई क्षेत्रमा समानुपातिकबाट हुनेखाने, सम्पन्न, उच्च जातिहरुले नै फाइदा पाउँदै आएका छन् । तराईका दलित, अल्पसंख्यक, सीमान्तकृतहरु यसबाट पनि वञ्चित नै हुनेगरेका छन् । तराईमधेस आधारित राजनीतिक पार्टीहरुले आआफ्ना पार्टीमा पनि ती दलित, सीमान्तकृतहरुलाई समावेश गरेका छैनन् ।

संसदीय लोकतन्त्र विश्वको सबैभन्दा राम्रो लोकतान्त्रिक व्यवस्था मानिन्छ । यसमा बढीभन्दा बढी जनप्रतिनिधित्वको अवसर हुन्छ । प्रतिनिधित्वका लागि सामान्यत: तीनवटा विधि अपनाइन्छ । एउटा प्रत्यक्ष निर्वाचन जसमा सबभन्दा बढी मत ल्याउने विजयी हुन्छन् । अर्को मनोनयन पद्धति जो राष्ट्र प्रमुखद्वारा सरकारको सिफारिसमा मनोनीत गरेर चयन गरिन्छ । तेस्रो, समानुपातिक पद्धति। समानुपातिक पद्धतिको विकास पनि १९ औं शताब्दीदेखि नै भएको देखिन्छ । सबै वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक प्रतिनिधित्वको पद्धति वैज्ञानिक मानिन्छ । यसको सुरु सन् १८४८ मा स्विट्जर ल्यान्डबाट भएको थियो । त्यसपछि अरु देशले पनि यो पद्धति अपनाए ।

समानुपातिक प्रतिनिधित्व पद्धति अन्तर्गत कम्तीमा दुईवटा प्रमुख प्रणालीको विकास भएको छ । एउटा एकल संक्रमणीय मत प्रणाली र अर्को सूची प्रणाली । दुवै पद्धतिको मुख्य उद्देश्य सबै वर्ग र समुदायको अधिकतम न्यायोचित प्रतिनिधित्व गराउनु हो । तर, समानुपातिक प्रतिनिधित्वको पद्धति सबै अवस्थामा सफल र उपयोगी भने हुन सक्दैन । यस पद्धतिको सफलता र असफलता निर्वाचन क्षेत्र निर्धारण पद्धति र निर्वाचन पद्धतिमा निर्भर हुन्छ ।

**निर्वाचन क्षेत्र निर्धारण पद्धति**

यो निर्वाचन क्षेत्र निर्धारण गर्ने विधिलाई प्रचलनको हिसाबले दुई भागमा विभाजन गर्न सकिन्छ । एउटा एकल सदस्यीय निर्वाचन क्षेत्र विधि र अर्को बहुसदस्यीय निर्वाचन क्षेत्र विधि । पहिलो विधिअन्तर्गत राज्यलाई क्षेत्र, जनसंख्या, वर्ग र समुदाय आदिको आधारमा विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरिन्छ र प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना प्रतिनिधि छानिन्छ ।

दोस्रो विधिमा सिङ्गो राष्ट्रलाई एउटा निर्वाचन क्षेत्र मानिन्छ र मतदाताहरुले विभिन्न राजनीतिक दल, वर्ग, समुदाय आदिको सूचीमा मत हाल्छन् । यो विधिअन्तर्गत एक जना मतदाताले एकभन्दा बढी मत दिन पनि पाउँछ । यस विधिमा बहुसंख्यक अल्पसंख्यक सबैको समानुपातिकरुपमा प्रतिनिधित्व हुन सक्छ भन्ने मान्यता राखिन्छ । समानुपातिक प्रतिनिधित्व पद्धतिको लागि उपयुक्त विधि पनि यसैलाई मानिन्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीले एक सदस्यीय निर्वाचन क्षेत्र विधिमा राम्रो कार्य गर्न नसक्ने हुँदा यसका लागि बहुसूची प्रणाली नै उपयुक्त हुने विज्ञहरुको मत छ ।

सूचीमा आधारित समानुपातिक निर्वाचनमा तलमा कुराहरुमा विशेष ध्यान दिनुपर्ने हुन्छ । जस्तै निर्वाचित हुनका लागि दलले ल्याउनुपर्ने न्यूनतम मत प्रतिशतको सीमा (थ्रेस होल्ड)कति हुने ? अहिलेको विधानअनुसार कम्तीमा ३ प्रतिशत थ्रेसहोल्ड पार गर्न सक्ने दलले त्यहीअनुसार समानुपातिक संख्या पाउँछ ।

उम्मेदवारको सूची बन्दको बारेमा पनि विधि अपनाइएको छ । बन्द सूची भनेको दलले चुनावभन्दा पहिले नै उम्मेदवारहरुको सूची प्रकाशित गर्नुपर्ने र त्यसमा पछि थपघट गर्न नपाइने व्यवस्था हो । अर्को खुला सूची पनि हुन्छ जसअनुसार दलहरुले चुनावपछि आफूले पाएको मत प्रतिशतको अनुपातमा निर्वाचित हुने आफ्ना उम्मेदवारहरुको नाम तोक्न पाउने व्यवस्था हुन्छ । तर नेपालमा बन्दसूचीकै विधिअनुसार समानुपातिक प्रतिनिधित्व छान्ने गरिन्छ ।

नेपालमा भने समानुपातिक पद्धतिको राजनीतिक दलहरुले दुरुपयोग गरिरहेका छन् । कुन वर्ग, जाति र समूहलाई समानुपातिक पद्धतिमा प्राथमिकता दिनुपर्छ भन्नेमा कुनै वास्ता नगरी दलपतिहरुले आआफ्ना गुट, नातेदार, छोराछोरी र पत्नीहरुलाई प्राथमिकतामा राखी बन्दसूचीमा राख्नेगरेका छन् । वि.सं २०६३ को अन्तरिम संविधानपछि २०६४ सालमा भएको संविधान सभाको चुनावमा अधिकांश टाठाबाठा र धनीमानी व्यक्तिहरुमात्र समानुपातिकबाट सभासद् भएका थिए । महिलाको कोटामा त निरक्षर महिलालाई ल्याएर भर्तीकेन्द्र बनाइएको थियो । महिला उम्मेदवार कम्तीमा साक्षर तथा राजनीतिक चेतना भएको हुनुपर्छ । महिलाको नाममा ३३ प्रतिशत कोटा पुऱ्याएरमात्र हुँदैन ।

सबै राष्ट्रिय पार्टीका नेताले समानुपातिक सांसदको रुपमा आआफ्ना पत्नी, छोरा, आफन्त, गुट समर्थक र परिवारका मानिसहरुलाई ल्याएर समानुपातिक विधि र पद्धतिकै बदनाम गरे । पार्टीमा पनि अल्पसंख्यक, दलित तथा कुनै अवसर नपाएका पीडित कार्यकर्तालाई प्राथमिकता दिइनुपर्थ्यो । तर त्यसविपरीत नेताका परिवारजनलाई प्राथमिकता दिई यसको उद्देश्यकै उपहास गरिएको छ । समानुपातिक पद्धति जुन वर्ग, समूह र सीमान्तकृत नागरिकहरुको लागि आएको त्यो त्यही लक्षित समूह र समुदायले पाउनुपर्छ । पार्टी नेतृत्वले यसरी समानुपातिक पद्धतिको दुरुपयोग गर्दै गए जनआक्रोशको सामना गर्नुपर्नेछ ।

समानुपातिक पद्धति लागु गर्नुभन्दा अघि राज्यले नेपालका सबै क्षेत्र, समूह, वर्ग र जातजातिको समाजशास्त्रीय अध्ययन गर्नुपर्थ्यो । तर, त्यसो नगरी हचुवाको भरमा सुरु गरिएको छ । यसबाट विपन्न वर्ग र समूह वञ्चितीकरणमा परेका छन् भने हुनेखाने सम्पन्न, शिक्षित, टाठावाठा र नेतृत्वसम्म पहुँच हुनेहरु लाभान्वित भइरहेका छन् । जीवनमा कहिले पनि अवसर नपाएका तथा महँगो र खर्चिलो चुनाव लड्न नसकेका बौद्धिक वर्गलाई पनि प्राथमिकता दिनुपर्छ । राजनीतिक पार्टीका नेताहरुलाई शुभलाभ पुऱ्याउनेहरुमात्रले अवसर पाउने हो भने यसको के औचित्य ?

राजनीतिमा पटकपटक सांसद, मन्त्री र उच्च राजनीतिक पद प्राप्त गरिसकेका व्यक्तिहरुलाई समानुपातिक विधिद्वारा सांसद बनाई आफू सुरक्षित र शक्ति सम्पन्न हुनु खोज्नु लज्जाको विषय हो । नेतृत्वले समानुपातिक पद्धति अवसर बाट वञ्चितहरुका लागि अपनाइएको हो भनी भाषण फलाक्दैमा यसको मर्म र उद्देश्य प्राप्त हुन सक्दैन । हाल देखिएको विकृतिलाई हटाई लक्षित वर्गका लागि उपयोग गरिएमात्र यसको उपादेयता प्रमाणित हुन्छ ।

तराई क्षेत्रमा समानुपातिकबाट हुनेखाने, सम्पन्न, उच्च जातिहरुले नै फाइदा पाउँदै आएका छन् । तराईका दलित, अल्पसंख्यक, सीमान्तकृतहरु यसबाट पनि वञ्चित नै हुनेगरेका छन् । तराईमधेस आधारित राजनीतिक पार्टीहरुले आआफ्ना पार्टीमा पनि ती दलित, सीमान्तकृतहरुलाई समावेश गरेका छैनन् । उनीहरू नेतृत्व तहमा पुग्नु त दिवा:स्वप्नजस्तै भएको छ । मधेसवादी दलहरुको त संरचना नै असमावेशी छ । तल्लो वर्गलाई समेट्नु पर्ने महसुसै गरिएको छैन । मधेस आन्दोलनबाट शक्तिमा आएका माथिल्लो जातिका नेताहरुनै नेतृत्व पंक्तिमा छन् ।

समानुपातिक पद्धतिबाट छानिने प्रक्रिया पनि अवैज्ञानिक र असमावेशी छ । वर्तमान संसद्को प्रतिनिधि सभामा २७५ जना सांसद छन् । त्यसमध्ये ११० जना अर्थात् ४० प्रतिशत समानुपातिकतफर्का हुन्छन् । दलका नेताहरुले बन्द सूचीअनुसारको गोप्य सूची निर्वाचन आयोगमा चुनावअघि नै बुझाउने गरेका छन् । समानुपातिक उमेदवार छान्ने प्रतिशत पनि अमिल्दो र अन्यायपूर्ण छ । निर्वाचन आयोगले जनजातिबाट २७ प्रतिशत, खसआर्यबाट ३१.२ प्रतिशत, थारुबाट ६.६ प्रतिशत, दलितबाट १३.८ प्रतिशत, मधेसीबाट १५.३ प्रतिशत, मुस्लिमबाट ४.४ प्रतिशत र पिछडिएको क्षेत्रबाट ४.३ प्रतिशत प्रतिनिधित्व हुनेगरी सूची निर्धारण गरिएको छ ।

जनजातिबाट २८.७ प्रतिशत राखिएको छ तर कुन कुन जातिहरुलाई जनजाति मानिएको त्यो स्पष्ट छैन । जनजाति पहाडमात्र होइन तराईमा पनि छन् तर त्यसलाई छुट्याइएको छैन । तराईका जनजातिलाई मधेसी कोटामै राखिएको छ । त्यस्तै खसआर्यमा बाहृमण, क्षेत्री, दशनामीजस्ता जातहरु छन् । ती सबैलाई भागबन्डा लगाएको छ । एक्लै खसआर्यले ३१.२ प्रतिशत समानुपातिक सिट पाउनु पक्षपातपूर्ण देखिएको छ । दलितबाट १३.८ प्रतिशत भनेको छ । दलित भन्नाले पहाडकालाई मात्र बुझिन्छ । तराईका मुसहर, चमार, दुसाध, डोमहरुलाई दलितमा गनिंदैन । तिनीहरुलाई मधेसी कोटामा राखी शोषण गरि एको छ । उता मधेसीबाट १५.३ प्रतिशतमात्र समानुपातिकमा लिइने भनिएको छ जुन अवैज्ञानिकमात्र होइन पक्षपातपूर्ण हो ।

मधेसीमा कुन कुन जाति आउँछन् त्यसको सूची तयार गरिएको छैन । मधेसी शब्दको संविधानमा न परिभाषा गरिएको छ न व्याख्या गरिएको छ । मधेसीमा ब्राह्मण, क्षत्री (राजपुत), देव, कायस्थ, भूमिहारजस्ता उच्च तागाधारी जाति पनि आउँछन् भने मुसहर, चमार, दुसाध, डोमजस्ता दलित पनि आउँछन् । सम्पन्न, शिक्षित र चतुर मधेसी उच्च जातिले समानुपातिक कोटामा सजिलै मौका पाउँछन् भने मधेसका दलितले मौका पाउँदैनन् । अहिलेसम्म मधेसका दलितले समानुपातिकमा मौका पाएका छैनन् ।

मधेसका उच्च र दलित जातिलाई एउटै डालोमा राखेर ठूलो अन्याय गरिएको छ । त्यस्तै मुस्लिमबाट ४.४ प्रतिशत भनिएको छ । मुस्लिम मधेसमा पनि छन् पहाडमा पनि छन् । कहाँको मुस्लिमलाई प्राथमिकता दिइने स्पष्ट छैन । पिछडिएका क्षेत्रको स्थान किटिएको छैन । कुन र कस्तो क्षेत्रलाई कुन आधारमा आर्थिक, सामाजिक रुपमा परिभाषित गरिएको छैन । यसरी अवैज्ञानिक, अपरिभाषित र पक्षपातपूर्ण समानुपातिक प्रणालीमा सुधारको अत्यन्त आवश्यकता छ । यसतर्फ सम्बन्धित सबै निकायको ध्यान जानु आवश्यक छ ।

*(साभार : बाहृखरी)*

# यातायात कार्यालयका ३ उपसचिवलाई भ्रष्टाचार मुद्दामा ८ वर्ष कैद

काठमाडौं/भ्रष्टाचारी ठहर भएका यातायात कार्यालय इटहरीका ३ उपसचिवलाई विशेष अदालतले आठ वर्ष कैद सजाय तोकेको छ ।

यातायात कार्यालय इटहरीको राजस्व हिनामिनाको घटनामा विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल, सदस्यहरु शालिग्राम कोइराला र बलभद्र बाँस्तोलाको इजलासले ३० फागुनमा उपसचिवहरु रमेशप्रसाद दाहाल, विष्णुप्रसाद पौडेल, नयराज नेपाललाई दोषी ठहर गरेको थियो ।

बुधबार भने उनीहरुलाई आठ वर्षका दरले सजाय तोकेको हो । अर्का उपसचिव होमनाथ भट्टराईलाई भने साढे २ वर्ष कैद सजाय तोकेको विशेष अदालतका उपरजिस्ट्रार दीपेन्द्रनाथ योगीले जानकारी दिए ।

विशेष अदालतले उपसचिव दाहाललाई तीन करोड २ लाख १७ हजार बिगो, पौडेललाई दुई मुद्दामा ८ करोड बिगो र नेपाललाई ६ करोड १७ लाख ६४ हजार बिगो भराउने आदेश दिएको छ । उनीहरुले त्यसको दोब्बर जरिवाना तिर्नुपर्ने भएको छ । राजस्व हिनामिनाको भ्रष्टाचारमा आरोप ठहर भए बिगोको दोब्बर जरिवाना हुने कानुनी व्यवस्था छ ।




यातायात व्यवस्था कार्यालयमा २०६९ सालदेखि २०७३ सालसम्म राजस्व चुहावट भएको भनी अख्तियारमा उजुरी परेको थियो । अनुसन्धानका क्रममा ६१ करोड २१ लाख रुपैयाँ राजस्व खातामा दाखिला नगरी दुरुपयोग भएको भेटिएको थियो । त्यसपछि छानबिन गरी अख्तियारले मुद्दा चलाएको हो ।

विशेष अदालतले भ्रष्टाचारको आरोप लागेका लेखा अधिकृत टीकाराम अधिकारीलाई ९ वर्ष कैद, १४ करोड ७ लाख रुपैयाँ बिगो भराउने आदेश गरेको छ । अर्का लेखा अधिकृत कुमार कटवाललाई ६ वर्ष कैद, ५० लाख ८२ हजार रुपैयाँ बिगो भराउने आदेश गरेको छ । अनियमितताका प्रमुख सूत्रधार मानिएका सुरेश अधिकारीलाई एउटा मुद्दामा ८ र अर्कोमा ९ वर्ष कैद सजाय भएको छ ।

उनलाई दुईवटा मुद्दामा १७ करोड ४ लाख विगो भराउने आदेश भएको छ । लेखापालहरु मणिराज दाहाल र टंकबहादुर खड्कालाई पनि आठ वर्ष कैद, त्यति नै बिगो र जरिवानाको आदेश भएको हो । लेखापालहरु देवराज नेपाललाई ८ वर्ष ६ महिना कैद, ११ करोड २२ लाख बिगो भराउने आदेश भएको छ । रुद्रप्रसाद दाहाललाई ८ वर्ष कैद, ५ करोड ३२ लाख बिगो भराउने आदेश भएको छ ।

अख्तियारले उनीहरुमाथि सेवाग्राहीबाट संकलन हुने राजस्व र कम बैंकमा नराखी फर्जी कागजातका आधारमा अनियमितता गरेको आरोप लगाएको थियो । अख्तियारको आरोपपत्रमा आर्थिक वर्ष २०७१/७२ मा ६५ करोड ७१ लाख रुपैयाँ राजस्व संकलन भएकोमा ६१ करोड ७७ लाख रुपैयाँमात्रै बैंक दाखिला गरेर ३ करोड ९३ लाख रुपैयाँ अनियमितता गरेको उल्लेख थियो ।

आर्थिक वर्ष २०७२/७३ मा ८४ करोड १९ लाख रुपैयाँ संकलन भएकोमा ५७ करोड ७० लाख रुपैयाँ दाखिला गरेर २६ करोड ४८ लाख रुपैयाँ अनियमितता गरेको भेटिएको थियो । आर्थिक वर्ष २०७३/७४ को फागुन मसान्तसम्म ८४ करोड ७ लाख रुपैयाँ राजस्व संकलन भएकोमा ५३ करोड २८ लाख रुपैयाँ मात्रै दाखिला गरेर ३० करोड ७९ लाख रुपैयाँ अनियमितता गरेको आरोपपत्रमा उल्लेख थियो ।

इटहरीको यातायात कार्यालय परिसरमै राजस्व संकलनका लागि बैंक स्थापित थियो । तर उनीहरुले आफैंले नगद संकलन गर्थे । फर्जी र सिद जारी गर्थे र संकलन भएको रकम 'बास्केट फण्ड' खडा गरी वितरण गरेको अख्तियारको दाबी थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'बहाव'मा काम गर्दा सुरक्षाले बुझेको सुँगाको भावना

काठमाडौं/अभिनयमा पारंगत मानिने सुरक्षा पन्त अभिनीत फिल्म 'बहाव' यही चैत २४ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्ममा उनले विद्रोही स्वभावको चरित्र निर्वाह गरेकी छन् । ट्रेलरमा सुरक्षालाई पिंजडाभित्र कैद सुँगासँग संवाद गरेको देखिएको छ । चितवनको एउटै घरमा दुई महिनासम्म फिल्मको वर्कसप र छायांकन हुँदा उनी सुँगासँग नजिकिएकी थिइन् । उनको साथी नै सुँगा भएको थियो ।



'मैले सुँगासँग दुई महिना विताएँ । हामी जनावर भन्ने वित्तिकै छिछि-दुरदुर गर्छौं । तर, सुँगासँगको मेरो अनुभव केही फरक रह्यो', सुरक्षा भन्छिन्, 'मैले पिंजडाको ढोका खोलिदिए पनि सुँगा निस्किएन । उसमा अन्यौलता थियो र डर पनि । उसले हाम्रो भाषा बुझ्ने भए पनि ऊ समभ्रदार थियो । जनावरमा अनौठो किसिमको गुण हुँदो रैछ । फिल्मको कथा पनि केही हिसाबमा सुँगासँग मिल्छ ।'

ट्रेलरमा सुरक्षाले सुँगासँग गरेको संवाद छ, 'तलाईं मन लाग्दैन, त्यो खुल्ला आकाशमा उडान भर्न ?' यसको उत्तर उनले सँगासँगको सामिप्यताबाट पाइसकेकी छन् । उनी भन्छन्, 'सुँगालाई उड्न मन लागे पनि ऊभित्र उडानमा खस्ने एक खालको डर छ । ऊसँग गन्तव्य पनि सुनिश्चित छैन । यसैले ऊ पिंजडाभित्र नै रमाइरहेको छ ।' सुरक्षा आफूलाई फिल्मभित्रको अर्को सुँगा भन्न रुचाउँछिन् ।

स्वर्णिम इन्टरटेनमेन्ट र योङ स्टार सिनेमाको प्रस्तुति रहेको फिल्ममा प्रमोद कँडेलको लेखन र निर्देशन छ । श्रीधर पौडेल निर्माता रहेको फिल्ममा कमलमणि नेपाल, अफरान अली, सुर्य शर्मा भट्ट, इश्वरी सिंह, हीरालाल कँडेल, पवन श्रेष्ठलगायतको पनि अभिनय छ । कार्तिकेय स्मिता कर्नाटकले छायांकन गरेको यो फिल्ममा सुरक्षाका श्रीमान् मानव सुवेदी र बसन्त सापकोटाको संगीत छ ।

# आर्यन सिग्देललाई हेर्न महोत्सवमा भीड, फिल्म लाग्दा हल खाली

काठमाडौं/महोत्सवमा फिल्मका चर्चित कलाकारहरु पुग्दा दर्शकको भीड थामिनसक्नु हुन्छ । उनीहरुको एक झलक हेर्नकै लागि घन्टौं कुर्छन् । तर, त्यही भीड त्यही कलाकारको फिल्म प्रदर्शन हुँदा किन हलमा देखिँदैन ? यो अहिलेको सबैभन्दा सोचनीय विषय हो । यदि महोत्सवमा कलाकारका लागि देखिने दर्शकको भीड हलमा पनि देखिन्थ्यो भने सम्भवत: वर्षमा फ्लप फिल्म खोज्न नै गाह्रो पर्थ्यो ।



अभिनेता पल शाह केही दिनअघि रुकुम महोत्सवमा सहभागी हुन खलंगा पुगेका थिए । उनका लागि आयोजकले ओहोर-दोहोरका लागि हेलिकप्टर 'बुक' गरेका थिए । महोत्सवमा उनलाई हेर्न ३० हजार भन्दा बढी दर्शक उपस्थित थिए । तर, जेल जानुअघि उनका फिल्मलाई हलमा दर्शक अभाव हुने गर्थ्यो । 'वीर विक्रम २' यसको उदाहरण हो । अबको अवस्था कस्तो हुन्छ, त्यो हेर्न बाँकी छ ।

सोही महोत्सवमा तीन दिनअघि अभिनेता आर्यन सिग्देल पनि पुगेका थिए । उनलाई हेर्न पनि दर्शकको ठूलो भीड लागेको थियो । उनले सामाजिक सञ्जालमा सेअर गरेको तस्विरहरु हेर्दा १० हजारभन्दा बढी दर्शक महोत्सवमा उपस्थित भएको देखिन्छ । उनले महोत्सवमा केही गीतमा नृत्य समेत गरे । यसअघि पनि उनी केही महोत्सवमा पुग्दा दर्शकको ठूलो उपस्थिति देखिने गरेको थियो ।

तर, महोत्सवमा उनलाई हेर्न लाग्ने भीड हलमा भने देखिन सकेको छैन । यसैले त उनका पछिल्ला कुनै फिल्म सफल छैनन् । गत पुषमा प्रदर्शन भएको फिल्म 'डिसेम्बर फल्स'प्रति उनलाई ठूलो आशा थियो । तर, फिल्मले दर्शक नै पाएन ।

एउटा कलाकारलाई महोत्सवमा देखिने भीडभन्दा फिल्म हेर्नका लागि हलमा लाग्ने भीडले अर्थ राख्छ । आर्यन भने महोत्सवकै भीडमा रमाएका छन् ।

# मदन भण्डारी राजमार्गमा ९७ वटा पुलको निर्माण सकियो, ८८ वटा बाँकी

काठमाडौं/पूर्व-पश्चिम जोड्ने चौथो राजमार्गका रुपमा रहेको मदन भण्डारी राजमार्गअन्तर्गत ९७ पुलको निर्माण सम्पन्न भएको छ । जम्मा एक सय ८५ पुल निर्माण गर्नुपर्नेमा झन्डै आधा सकिएको मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ ।

लम्बाइका हिसाबले ठूला पुल सम्पन्न भइसकेका र अब ८८ वटा पुल निर्माण गर्न बाँकी रहेकामा अधिकांश साना पुल नै रहेको निर्देशनालयमा कार्यरत इञ्जिनियर शिवशरण तिमल्सिनाले जानकारी दिए ।

निर्माणमा जान बाँकी पुलमध्ये बढी लम्बाइको पुल कर्णाली नदीमा निर्माण गर्नुपर्ने छ । त्यसबाहेक अधिंकाश कम लम्बाइको हुनसक्ने देखिएको उनले बताए । उनले भने, 'डेढ-दुई सय मिटरसम्मको पुल हुनसक्छ।' चालु आवमा २४ किमी सडक कालोपत्रसँगै १० पुलको निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको थियो । हालसम्म चार पुल सम्पन्न भइसकेको र अरूमा निर्माण भइरहेको उनले बताए।

पहिले निर्माण भइसकेका सडकलाई स्तरोन्नति गर्ने गरी सुरु भएको राजमार्गमा ठाउँठाउँमा अरू सडकमा जोडिने भएको छ । अरू राजमार्ग कम चौडाइका भएमा त्यसलाई पनि मदन भण्डारीको स्तरमा स्तरोन्नति गरिने योजना रहेको इञ्जिनियर तिमल्सिनाले जानकारी दिए ।

अहिले एक लेन (३.५ मिटर चौडाइ) वा इन्टरमेडिएट (५.५ मिटर चौडाइ) को पुल भएमा तिनको पनि भविष्यमा राजमार्गको स्तरमा स्तरोन्नति हुनसक्ने उनले बताए । उनले भने, 'अहिले भर्खरै चलिरहेको पुल भएमा त्यहाँको सवारी साधनको चापका आधारमा आवश्यक देखिएमा काम हुन सक्नेछ।'

चालु आवमा राजमार्गका लागि सरकारले रु दुई अर्ब ८२ करोड विनियोजन गरेको थियो । सरकारले प्राथमिकता प्राप्त आयोजना (पिवान) का रुपमा अघि बढाइरहेको सो आयोजनाको जम्मा लम्बाइ एक हजार तीन सय ९० किमी रहेको छ । जम्मा लम्बाइमध्ये निर्देशनालयले सात सय ४० किमी सडक निर्माण गर्ने भएको छ भने बाँकी अरू निकायबाट निर्माण भएको छ ।

# घट्यो खाना पकाउने ग्याँसको आयात

काठमाडौं/नेपालमा खाना पकाउने ग्याँसको आयात घटेको छ । नेपाल आयल निगमका अधिकारीहरुका अनुसार गत वर्षको तुलनामा झण्डै ६ प्रतिशतले ग्याँस आयातमा गिरावट देखिएको हो । बिजुली प्रयोगमा उपभोक्ताहरु अभ्यस्त हुँदै जाँदा ग्याँसको प्रयोग घट्न थालेको हुनसक्ने निगमको अनुमान छ ।

विभागले बुधबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष (आव) को ८ महिनाको तथ्यांकअनुसार गत वर्षको तुलनामा १ करोड ९२ लाख किलोले खाना पकाउने ग्याँसको आयात घटेको हो । जसलाई सिलिण्डरमा हिसाब गर्दा करिब १३ लाख ५२ हजार ११२ गोटा सिलिण्डर हुन आउँछ ।

भन्सार विभागका अनुसार चालु आवको फागुनसम्म ३८ अर्ब ७२ करोड रुपैयाँको ३४ करोड ८ लाख ५६ हजार किलो खाना पकाउने ग्याँस आयात भएको छ । गत वर्ष समीक्षा अवधिमा ४० अर्ब ६४ करोड रुपैयाँको ३६ करोड ३४ हजार किलो ग्याँस आयात भएको थियो । यस वर्ष गत वर्षको तुलनामा एक अर्ब ९१ करोड ५३ लाख रुपैयाँले ग्याँसको आयातमा संकुचन आएको हो ।

नेपाल आयल निगमका प्रवक्ता विनितमणि उपाध्यायकाअनुसार ग्याँसको आयात करिब ६ प्रतिशतले घटेको छ । सम्भवत: शहरमा धेरै मात्रामा खपत हुने ग्याँसलाई विद्युतीय चुल्होले विस्थापित गरेको हुनसक्ने उनले बताए । 'यसबारे अध्ययन गर्नु पर्ने देखिन्छ, सम्भवत: पहिलो पटक ग्याँसको आयात कम भएको हो,' प्रवक्ता उपाध्ययले भने, 'विद्युतीय चुल्होको प्रयोगमा मानिसहरु अभ्यस्त भएको पनि हुनुपर्छ ।'

निगमकाअनुसार देशभर १ करोड २१ लाख ग्याँसको सिलिण्डर छन् । दैनिक एक सिलिण्डर सरदर ग्याँस बिक्री भइरहेका छन् । तर, कोभिड-१९ महामारीमा समेत नघटेको ग्याँसको आयात यसपाली घट्नु चाहिँ अचम्म भएको निगमका अधिकारीहरु बताउँछन् ।

ग्याँस बिक्रेता व्यवसायीहरु पनि शहरमा ग्याँसको खपत वृद्धिमा रोक लागेको बताउँछन् । पहिलेको तुलनामा शहरमा ग्याँसको खपत वृद्धिमा कमी भएको नेपाल ग्याँस उद्योग संघका निवर्तमान अध्यक्ष गोकुल भण्डारी बताउँछन् ।

तर, तराई र पहाडी क्षेत्रमा बढेको ग्याँसको खपत र फैलावटका कारण समग्र आयात नै खस्किएको हुनसक्नेतर्फ भने उनले आशंका व्यक्त गरे । 'गत जनवरी महिनामा मात्रै नेपालमा ४७ हजार २५० मेट्रिकटन ग्याँस आयात भएको छ, यो निकै ठूलो परिमाण हो,' भण्डारीले भने, 'नेपालको शहरी क्षेत्रको भन्दा गाउँ र तराईमा ग्यासमा फैलावट उच्च छ, त्यसकारण पनि आयातै घट्यो भनिहाल्न कठिन छ ।'

**बढ्दो इन्डक्सन आयात**

ग्याँसको आयात घट्नु र इन्डक्सनको आयात बढ्नुले कतै न कतै नेपालीहरु बिद्युतीय चुल्होमा अभ्यस्त हुन खोजेको संकेत मिल्छ । चालु आर्थिक वर्षको ८ महिनामा नेपालले गतवर्ष भन्दा एक लाख ४ हजार ९१२ थान बढी इन्डक्सन हिटर तथा इन्फ्रारेड चुलहा खरिद गरेको छ ।

चालु आवको समीक्षा अवधिमा ३२ करोड ५९ लाख ९ हजार रुपैयाँको एक लाख ६२ हजार २३५ थान इन्डक्सन र इन्फ्ररेड चुल्हो नेपाल भित्रिएको छ । गत वर्ष यही अवधिमा ११ करोड ६५ लाख ७३ हजार रुपैयाँ बराबरको ७५ हजार ३२३ थान यस्ता विद्युतीय चुल्हो नेपाल भित्रिएको थियो ।

# रानी र कपिल दुवैको फिल्म 'फ्लप'

एजेन्सी, मुम्बई/यही शुक्रबारबाट प्रदर्शनमा आएको अभिनेत्री रानी मुखर्जी अभिनीत फिल्म 'मिसेज चटर्जी भर्सेस नर्वे' र चर्चित कमेडियन कपिल शर्मा स्टारर फिल्म 'ज्विगाटो' दुवै घरेलू बक्सअफिसमा दुई रेक्टरको भूकम्प जस्ता भएका छन्, आएको र गएको पत्तो नहुने । दुवै फिल्मले लगानीको एक तिहाइ पनि नउठाउने देखिन्छ । यी दुई फिल्मलाई भारतीय मिडियाले 'फ्लप'को ट्याग दिइसकेका छन् ।



रानीको फिल्मले प्रदर्शनको पाँच दिनमा ८ करोडमाथिको कलेक्सन गरेको छ भने कपिलको 'ज्विगाटो'ले बक्सअफिसमा ३ करोड जोडेको छ । प्रदर्शनको पहिलो दिनदेखि नै दुवैको कलेक्सन कमजोर थियो । 'ज्विगाटो' १० करोडको लागतमा निर्माण भएको हो भने 'मिसेज चटर्जी भर्सेस नर्वे'को बजेट २५ करोड हो । कमाईमा कमजोर निस्किए पनि दुवै फिल्मले सुखद् समीक्षा पाएका छन् ।

आशिमा छिब्बरद्वारा निर्देशित 'मिसेज चटर्जी भर्सेस नर्वे' एक आमाको कहानीमा आधारित छ, जो आफ्ना दुई सन्तान र श्रीमानसँग नर्वेमा बस्छिन् । तर, एक दिन यस्तो घटना हुन्छ, जसले सबथोक बदलिदिन्छ । मिसेस चटर्जी (रानी मुखर्जी) खराब आमा रहेको भन्दै सन्तानलाई उनीबाट खोसिन्छ । यसपछि आफ्नो सन्तान पाउन उनको लडाईं कसरी सुरु हुन्छ भन्ने फिल्ममा देखाइएको छ ।

त्यस्तै, कमेडी भूमिकामा रुचाइएका कपिल 'ज्विगाटो'मा गम्भीर भूमिकामा प्रस्तुत छन् । तर, दर्शकले उनलाई गम्भीर भूमिकामा नरुचाएको फिल्मको कलेक्सनले देखाउँछ । यद्यपि, यो फिल्म टोरेन्टो इन्टरनेशनल फिल्म फेस्टिभल, बुसान इन्टरनेशनल फिल्म फेस्टिभल र इन्टरनेशनल फिल्म फेस्टिभल अफ केरलमा प्रदर्शन भैसकेको छ । फिल्मलाई नन्दिता दासले निर्देशन गरेकी हुन् ।

# ८ महिनामा पौने २६ अर्बको धान चामल आयात

काठमाडौं/नेपालमा धान चामल आयातमा १० अर्ब हाराहारीको गिरावट आएको छ । भन्सार विभागकाअनुसार चालु आर्थिक वपर्षको ८ महिनामा नेपालमा २५ अर्ब ७८ करोड रुपैयाँ भन्दा धेरैको धान चामल आयात भएको छ । जबकि गर्त वर्ष समीक्ष अवधिमा ३५ अर्ब ६३ करोड रुपैयाँको धान चामल नेपाल भित्रिएको थियो ।

विभागकाअनुसार चालु आवको फगुनसम्म बिउको रुपमा ४ करोड २७ लाख ७० हजार रुपैयाँको १ लाख ३१ हजार २१३ किलो धान आयात भएको छ । यस्तै चामलको प्रयोजनका लागि १४ अर्ब २६ करोड ३ लाख रुपैयाँ बराबरको ३९ करोड ४६ लाख किलो धान नेपालले आयात भएको छ ।

प्रशोधित चामल भने यस अवधिमा ११ अर्ब ४८ करोड १० लाख ३६ हजार रुपैयाँको १७ करोड १९ लाख किलो चामल नेपाल भित्रिएको विभागले जनाएको छ । जबकि गत वर्ष २१ अर्ब ६२ करोड रुपैयाँको ३९ करोड ६७ लाख किलो चामल नेपाल आयात भएको थियो ।

यस्तै गर्त वर्ष ३ करोडको धानको बिउ, १३ अर्ब ९७ करोडको ४७ करोड ६२ लाख किलो धान आयात भएको छ । विभागकाअनुसार यस वर्ष धानको आयात गत वर्षको तुलनामा २९ करोडले धानको आयात बढेको छ । तर, चामलको आयात भने १० अर्ब १४ करोडले घटेको छ । चामलको आयात परिमाण पनि २२ करोड किलोले कम देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०७९/११/२९ मा जारी भएको संशोधन गरी श्रेस्ता कायम सम्बन्धी

**हकदाबीको पैतीस दिने सार्वजनिक सूचना**

**निवेदक/जग्गा धनी-नेत्र कुमारी कोइराला**

यसमा जिल्ला रुपन्देही आनन्दवन वडा नं. ३ को निवेदिका नेत्र कुमारी कोइरालाले निज रुकमणि कोइराला भन्ने नेत्र कुमारी कोइरलाको नाममा दर्ता कायम रहेको तपशिलको जग्गामा तपशिलको विवरण फरक परेको तथा कार्यालयको श्रेस्ता समेत पुरानो भई च्यातिएकोले संशोधन गरी श्रेस्ता कायम गराई पाउँ भनी कैलाश गाउँपालिका ९ नं. वडा कार्यालयको च.नं. ४१७ मिति २०७९/११/११ को सिफारिस, सम्पत्ति कर रसिद, सक्कल पुर्जा समेत संलग्न राखी द.नं. १२०७२ मिति २०७९/११/१६ मा कार्यालयमा निवेदन पेश गर्नु भएको,

तपशिल:

जग्गाको विवरण

| क्र.सं | गाविस | वडा नं. | कि.नं. | क्षेत्रफल | कै. |
|---|---|---|---|---|---|
| १ | नामटार | ७ | ४८७ | ज.वि.१-२-३-२ | |

भएको र संशोधन हुनुपर्ने विवरण

| क्र.सं | भएको विवरण | हुनुपर्ने विवरण | कै. |
|---|---|---|---|
| १ | ज.ध.को नाम : रुकमिणी देवी कोइराला भन्ने नेत्र कुमारी कोइराला ठेगाना: नामटार-७ मकवानपुर । ना.प्र.प.नं.६३११/२०३६/१२/१८ | ज.ध.को नाम: नेत्र कुमारी कोइराला ठेगाना: आनन्दवन-३ रुपन्देही ना.प्र.प.नं.६३१२/२०३६/१२/१८ रुपन्देही | |

मिसिल संलग्न कागजात तथा वडा कार्यालयको रिफारिसको अध्ययन गर्दा जग्गधनीको नाम र ना.प्र.प.नं. फरक परेको, ससुराको नाम उल्लेख नभएको तथा कार्यालयको श्रेस्ता पुरानो भई झुत्रो भएकोले नाम र ना.प्र.प.नं. संशोधन गरी श्रेस्ता कायम गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भुक्तान भएपछि पेश गर्नु भनी कार्यालयबाट भएको आदेश बमोजिम यो पैतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: निज निवेदिका नेत्र कुमारी कोइरालाको मागदाबी निवेदन गलत भएमा वा जग्गाधनी नाम/नागरिकता प्रमाणपत्र नं. संशोधन गरी श्रेस्ता कायम गर्न हुन नहुने कुनै कारण भएमा वा निज निवेदकको मागदाबी बमोजिम गर्दा कोही कसैलाई कुनै प्रकारले असर/फरक पर्ने भए यो सूचना प्रकाशित भएको पैतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण उपस्थित हुन आउनुहोला । अन्यथा निवेदकको मागदाबी निवेदन बमोजिम संशोधन भई श्रेस्ता कायम भई जानेछ । पछि कुनै उजुर बाजुर लाग्ने छैन ।

ईति सम्बत् २०७९ साल फाल्गुण महिनाको २९ गते रोज २ शुभम् ।

**राहदानी हरायो**

मिति २०७९ फागुन २२ गते हेटौंडा चौकीटोलबाट कान्तिराजपथ जाने क्रममा मेरो निम्न ब्यहोराको राहदानी हराएको हुँदा फेला पार्नु हुने महानुभावले तपसिलको ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध छ ।

**नाम: सुसान्त घलान तामाङ्ग**
ठेगाना: हेटौंडा-१, मकवानपुर
राहदानी नं.: ०७२६३८४०
**सम्पर्क: ९८४५९०४३३७**

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा


"तपाईं हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



जिल्लाको विकट राक्सिराङ गाँउपालिकामा अल्ट्रा साउण्डबाट महिलाको उपचार गरिँदै । स्थानीय सरकार गठन हुनुअघि राक्सिराङमा सामान्य उपचारको लागि पनि सुविधा थिएन । यहाँका महिलाहरु गर्भवति भएपछि अल्ट्रा साउण्ड गर्न हेटौंडा आउनुपर्ने बाध्यता थियो । गाउँपालिका स्थापनाको ६ वर्ष लाग्दा गाउँमा प्रविधिको माध्यमबाट उपचार सेवा भइरहेको गाउँपालिकाले जनाएको छ । गाउँपालिका आफैंले चैनपुरमा अस्पताल पनि निर्माण गरिरहेको हो । दुर-दराज गाउँमा समेत ग्रामिण अल्ट्रा साउण्ड सेवा निरन्तर रुपमा दिँदै आएको गाउँपालिका अध्यक्ष राजकुमार मल्ले बताए । अल्ट्रा साउण्डको सेवा नि:शुल्क छ । *तस्बिर: गाउँपालिका कार्यालय ।*

# ‘सडक र भवनलाई बजेट माग्छन, बालबालिकामा लगानी गर्न बजेट माग्दैनन्’

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/बागमती प्रदेशको सामाजिक विकासमन्त्री कुमारी मोक्तानले सडक तथा भवनलगायतका पूर्वाधारमा बजेट माग्ने धेरै आएको तर, बालबालिकाको क्षेत्रमा लगानी गर्न कसैले बजेट नमागेको बताएकी छन् ।

बालबालिमाथि लगानी गर्न बजेटको माग नै नहुने गरेको उनको भनाई छ । बाटो र भवन निर्माणको लागि मन्त्रालयमा बजेट माग्नेहरु प्रसस्तै आउने गरेको मन्त्री मोक्तानको भनाई छ । उनले सम्हालिरहेको मन्त्रालय पनि महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय हो । तर, आफूलाई बालबालिकामाथि लगानी गर्ने उद्देश्यले कसैले बजेट नमागेको बताएकी हुन् । उनको भनाईले ३ वटा गाउँपालिका बालमैत्री भइसकेको मकवानपुरमा अझै बालमैत्री वातावरणको जग नबसेको पाइन्छ । जिल्लाको मनहरी गाउँपालिका देशकै पहिलो बालमैत्री गाउँपालिका हो । मनहरीपछि मकवानपुरगढी र बकैया गाउँपालिका बालमैत्री घोषणा भइसकेका छन् ।

मकवानपुरमा हेटौंडा उपमहानगरपालिका, बकैया गाउँपालिका, थाहा नगरपालिका, कैलाश गाउँपालिका पनि बालमैत्री स्थानीय शासन अबलम्ब गर्ने स्थानीय तहको घोषणाको अभियानमा छन् ।



तर, मन्त्री मोक्तानको भनाईले बालमैत्री घोषणा घोषणामै सीमित भइरहेको र जनचेतनाका दृष्टिकोणले कम प्रभावकारी भएको देखिएको हो । ग्रामिण जागरण तथा विकास संगठन (राडो नेपाल)को सहजिकरणमा हेटौंडामा भएको बालमैत्री स्थानीय शासन स्थापना तथा दीगोपन विषय कार्यपत्र प्रस्तुति कार्यक्रममा मन्त्री मोक्तानले बालबालिको क्षेत्रमा पनि लगानी गरेर काम गर्नुपर्ने बताएकी हुन् ।

बालबालिकाको उच्च शिक्षा, ढिलो विवाह, बाल संरक्षणको सवालमा काम गर्न चासो दिनेहरु कमी भएको उनको भनाई थियो । कार्यक्रममा जिल्ला समन्वय समिति प्रमुख ललित घलानले बालमैत्री स्थानीय शासन घोषणा गरिने तर कार्यान्वनमा चासो नराखिने गरेको प्रति लक्षित गर्दै घोषणालाई भन्दा कार्यान्वनयलाई दीगोपनामा ध्यान दिनुपर्ने बताए । दीगो कार्यान्वयन गर्न जिल्लाका स्थानीय तहलाई घलानले सुझाव दिए । मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले बालमैत्री शासनको लागि चौतर्फी ध्यान दिइएको बेला अन्य वर्गको समेत संरक्षण चासो राख्नुपर्ने बताए । ज्येष्ठ नागरिक, अपाङ्ता, महिला सबैवर्गमैत्री संरचना र शासन हुनुपर्ने प्रजिअ पाण्डेको जोड छ ।

यसैगरी बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले बालमैत्री स्थानीय शासनको लागि संरचना शिक्षालागतयको सवालसँगै पौष्टिक आहारको सवालमा पनि सरोवार वालहरुले ध्यान पुऱ्याउनु पर्ने बताए । ‘बालविवाह रोकेर मात्रै बालमैत्री हुने हैन, यसको आयाममाथि ध्यान दिनु र लगानी हुनु आवश्यक छ’, लामिछोने भने । प्लान इन्टरनेशनलको सहयोगमा भएको कार्यक्रममा हेटौडा उपमहानगरपालिका प्रवक्ता सविन न्यौपानेले बालबालिकाको सन्दर्भमा कुरा गर्दा जनप्रतिनिधिसँग समाज नै रुष्ट हुने अवस्था आइसकेको बताए ।

कार्यक्रममा बालअधिकार परिषद् बागमती प्रदेशका सदस्य झविन्द्र ज्ञावलीले स्थानीय सरकारले लागि परेको अवस्थामा बालमैत्री शासन अवलम्बन सम्भव र सहज रहेको बताए । स्थानीय तहमा बाल अधिकार समिति गठन गरेर बालबालिका मार्फत नै काम गर्ने हो भने बालहितको लागि धेरै काम गर्न सकिने ज्ञावलीको दाबी छ । राडो नेपालका अध्यक्ष डा कृष्ण धितालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय, मकवानपुर जिल्लाका विभिन्न स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, बालअधिकार सम्पर्क व्यक्ति, बाल अधिकारको क्षेत्रमा क्रियाशिल गैससका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति थियो । आत्माराम थापाले बालमैत्री स्थानीय तहको लागि आवश्यक नीति नियम कार्यदिशाबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

# लागूऔषधसहित दुई जना पक्राउ, दुई फरार

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/प्रहरीले मकवानपुरको दुई फरक स्थानबाट लागूऔषध ओसारपसारमा र बिक्री वितरणमा संलन भएको आरोपमा दुई जनालाई पक्राउ गरेको छ ।




प्रहरीले एक जनालाई हेटौंडाबाट र १ जनालाई थाहा नगर पालिकाबाट पक्राउ गरेको हो । थाहा नगरकै एक जना र हेटौंडाबाट एक जना फरार भएका छन् । जिल्लाको थाहा नगरपालिका-८, चौतराबाट लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । प्रहरीले एक जना पक्राउ गर्दा लागूऔषध ओसारपसारमा संलग्न भएको आरोप लागेका एक जना भने फरार भएका हुन् । लागूऔषध गाँजाको धुलो बिक्रि वितरणमा संलग्न रहेका ५७ वर्षीय लाल बहादुर घलान पक्राउ परेका हुन् । स्थानीय ५३ वर्षीय शेरबहादुर घलान भने फरार रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

विशेष सूचनाको आधार मा ईलाका प्रहरी कार्यालय पालुङबाट प्रहरी टोलीले घलान द्वयको घर खानतलासी गर्दा १ सय ८ किलोग्राम लागूऔषध गाँजा फेला परेको हो । प्रहरीका अनुसार लालबहादुरको घर बाट ४५ किलोग्राम र शेरबहादुरको घरबाट लागुऔषध गाँजाको धुलो ६३ किलोग्राम बरामद गरिएको छ । फरार शेर बहादुरको खोजतलास कार्य भईरहेको प्रहरीले जनाएको छ ।

यसैगरी, प्रहरीले ४ किलो गाँजासहित हेटौंडाबाट एक युवकलाई पक्राउ गरेको छ । मनहरीबाट हेटौंडा तर्फ आउँदै गरेको मोटरसाईकल जाँच गर्दा ४ किलोग्राम गाँजासहित हेटौंडाका २४ वर्षीय पासाङ दोर्जेलाई प्रहरीले पक्राउ गरेको हो । ना २८ प ३८४७ नम्वरको मोटरसाइकलमा ल्याएको गाँजासहित हेटौंडा-११, थानाभ्याङका दोर्जेलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मंगलबार साँझ मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको मोटर साइकलमा सवार पासाङले हेटौंडा-३, लेवटमा प्रहरी टोलीलाई देखेर भाग्न खोज्दा प्रहरीले नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिई सुरक्षा जाँचका क्रममा उनको साथबाट ४ किलो लागुऔषध गाँजा फेला परेको प्रहरीले जनाएको छ । मोटरसाइकल चालक २५ वर्षीय अर्जुन तामाङ फरार रहेको प्रहरीले जनाएको छ । मोटर साइकल, लागूआँषध गाँजा र पक्राउ परेका पासाङलाई नियन्त्रणमा लिएको र अर्जुनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# मकवानपुर प्रहरीको हिरासतमा लागूऔषधका थुनुवा धेरै



साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/जिल्लामा पछिल्लो समय लागूऔषध प्रयोगकर्ता र ओसारपसारमा संलग्न हुनेहरुको संख्यामा वृद्धि भइरहेको छ ।

हेटौंडाका युवापुस्ता धेरै लागूऔषधको गलत प्रयोगमा र ओसारपसारमा संलग्न भइरहेको मकवानपुर प्रहरीको अनुसन्धानबाट खुलेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा ७३ जना थुनुवा रहेका छन् । जसमध्ये सबैभन्दा धेरै लागूऔषध मुद्दाका रहेका छन् । यसले पनि जिल्लामा लागूऔषध प्रयोकर्ता र ओसारपसारमा संलग्न हुनेहरु बढ्दै गइरहेको देखिन्छ । एक सयभन्दा बढी थुनुवा राख्ने क्षमता भएको जिल्ला प्रहरी कार्यालयमा हाल ७३ जना थुनुवा रहेको मकवानपुर का प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जनाकारी दिए ।

थुनुवामा रहेकामध्ये सबैभन्दा धेरै लागूऔषध मुद्दाका रहेको डिएसपी कार्कीले बताए । लागूऔषधको २० वटा मद्दामा ४३ जना थुनुवा रहेका छन् । लागूऔषध मुद्दामा प्रहरीले हिरासतमा ९० दिनसम्म थुनुवाको रुपमा राख्ने गरेको उनले बताए ।

पछिल्लो समय लागूऔषधको मुद्दा बढ्दै गएको छ । लागूऔषधको मुद्दा बढ्नुमा प्रहरीको सक्रियता धेरै रहेको उनको भनाई छ । प्रहरीले लागूऔषधतर्फ गाँजा ओसारपसारमा धेरै आरोपीहरुलाई कानुनी दायरामा ल्याइरहेको छ । जिल्लाको विकट कैलाश र राक्सिराङ गाउँपालिकाका धेरै युवाहरु अझै पनि गाँजा ओसारपसार मुद्दाका कारण भीमफेदी कारागारमा कैद जीवन बिताइरहेका छन् ।

# भीमफेदीमाथि हेटौंडाको गोल वर्षा

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/हेटौंडामा जारी दोस्रो अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगिताअन्तर्गत् बुधवारको पहिलो सेमिफाइनल खेलमा गोल वर्षा भएको छ ।

हेटौंडा उपमहानगर पालिकाले भीमफेदी गाउँपालिकालाई एउटै खेलमा ७ गोल गरेको छ । हेटौंडा-५, स्थित पिप्लेक्याम्पा रंगशालामा भएको खेलमा भीमफेदीले १ सान्त्वना गोल मात्रै फर्कायो । अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगितामा ७ गोलको फराकिलो अन्तरको जित पहिलो हो । हेटौंडाले प्रितम स्याङ्बोको ह्याट्रिकमा भीमफेदीमाथि गोलको वर्ष गरेको हो । स्याङ्बोको ह्याट्रिक प्रतियोगिताकै पहिलो पनि हो । उनले खेलको २१, ३५ र ७६ औं मिनेट ह्याट्रिक पूरा गरे । हेटौंडालाई विनोद तामाङले खेलको ५ औं मिनेटमै अग्रता दिलाएका थिए । उनले पहिलो हाफको अतिरिक्त समयमा गोल गर्दै व्यक्तिगत दोस्रो र टिमका लागि चौथौ गोल गरे । हेटौंडाका लागि ऋषि मोक्तानले ६३ र ८० मिनेटमा गोल थपेका थिए ।

भीमफेदीका लागि सविन घोलेले दोस्रो हाफको दुई मिनेटमै सान्त्वना गोल गरे । खेलको म्यान अफी दी म्याच ह्याट्रिककर्ता स्याङ्बो घोषित भए । बकैया गाउँपालिकालाई हराएर अन्तिम चारमा पुगेको हेटौंडाले पुन: नित निकाल्दै फाइनल यात्रा तय गरेको छ । प्रतियोगिताको पहिलो संस्करणमा हेटौंडा उपविजेतामा सीमित बनेको थियो । अघिल्लो संस्करणमा थाहा नगरपालिकाले हेटौंडालाई हराएको थियो । थाहा नगरपालिका मंगलबार बागमती गाउँपालिकासँग पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ । प्रतियोगिताअन्तर्गत् आज बिहीवार मकवानपुरगढी गाउँपालिका र बागमती गाउँपालिकाबीच दोस्रो सेमिफाइनल खेल हुनेछ । मकवानपुर गढी गाउँपालिकाले इन्द्रसरोबर गाउँपालिकालाई हराउँदै सेमिफाइनमा पुगेको थियो ।

अन्तरपालिका जिल्लास्तरीय फुटबल प्रतियोगिता ११ चैतसम्म हुनेछ । प्रतियोगिताको आयोजना जिल्ला समन्वय समिति मकवानपुर र व्यवस्थापन जिल्ला खेलकुद विकास समितिले गरेको हो । प्रतियोगिता अन्तर्गत् सेमिफाइनल खेल चैत ८ गते र चैत ९ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले नगद २ लाख रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै उपविजेताले नगद १ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

# ८ नम्बर वडामा बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ८ चैत/आगामी वर्ष मंसिरसम्म बालमैत्री स्थानीय तह घोषणाको अभियानमा जुटेका हेटौंडा उपमहानगरपालिकाले अभियानलाई तीव्रता दिएको छ ।

नगरका १९ वटै वडा कार्यालयहरुले आ-आफ्नो वडाभित्र बालमैत्री घोषणाका लागि प्रभावकारी रुपमा अभियान चलाइरहेका हुन् । हेटौंडा उपमहानगरपालिका वडा नम्वर-८ मा बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ । कार्यक्रममा बाल समूह, बालमैत्री स्थानीय शासन, घोषणा तथा दीगोपनाको आधार, बाल अधिकारका विषयहरुमा बालबचाउ, बाल संरक्षण, बालविकास, बाल सहभागिताका साथै स्थानीय तहमा नितिगत, संरचना, पद्धती, व्यवहार र कार्य प्रकृयामा मुलप्रवाहीकरण बिषयमा छलफल गरिएको थियो । कार्यक्रममा बालमैत्री स्थानीय शासनको नगर सहकर्ता सपना ढुंगेल र बालमैत्री स्थानीय शासनको वडा सहकर्ता रोजिता दंगालले सहजिकरण गरेका थिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्वर ८ का वडा अध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यता थियो । वडा समन्वय समिति हेटौंडा-८ का अध्यक्ष विष्णु अर्यालको सभाध्यतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ का १९ वटा टोल विकासका अध्यक्ष र कार्य समितिका पदाधिकारीहरुको सहभागिता थियो । हेटौंडा उपमहानगर पालिका वडा नम्बर ८, बालमैत्री स्थानीय शासन वडा समिति हेटौंडा ८, वडा समन्वय समिति, हेटौंडा ८ को संयुक्त आयोजनामा कार्यक्रम भएको हो ।

## हार्दिक समवेदना



स्व. कृष्णा कुमारी गुप्ता

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष तथा यस संघका सल्लाहकार ज्यु कृष्ण कुमार गुप्ता अग्रवालकी धर्मपत्नी **कृष्णा कुमारी गुप्ता**को स्वर्गारोहण भएको खबरले मर्माहत भएका छौं । मृत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**निर्माण व्यवसायी संघ मकवानपुर, परिवार**

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, मकवानपुर**

## स्वास्थ्य कार्यालय मकवानपुरद्वारा जनहितमा जारी सन्देश !

बिगत लामो समयदेखि स्वास्थ्य कार्यालय मकवानपुरद्वारा सन्चालित मातृ तथा बाल स्वास्थ्य क्लिनिक पुन हजुरहरुको सेवाको लागि संचालनमा आएको व्यहोरा जानकारी गराईन्छ ।

**मातृ तथा बाल स्वास्थ्य क्लिनिकबाट प्रदान गरिने सेवाहरु:**
प्रत्येक आईतबार र बुधबार: बालबालिकाहरुलाई खोप तथा बृद्धि अनुगमन सेवा ।
प्रत्येक सोमबार र विहिबार: गर्भवती तथा सुत्केरी जाँच सेवा
प्रत्येक मंगलबार र शुक्रबार: परिवार नियोजन तथा परामर्श सेवा

**स्थान: हेटौडा अस्पताल पुरानो ओ. पि. डि. भवन**
**सेवा दिने समय: बिहान १० बजे देखि ५ बजेसम्म**

## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख ०७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।


**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।


भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-

**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

*Education is the real treasure*

## ADMISSIONS OPEN FOR 2080

From Nursery to Grade 9

**Scholarships**
*a feature of socially resposible institution ....*

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats


APPLY NOW www.admission.hetaudaacademy.edu.np

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

*“सुनमा शुद्धता डिजाइनमा आधुनिकता”*

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना